जि.प्र.का.,काठमाडौं दर्ता नं. ५९६

# प्रेस सेन्टर नेपाल
## Press Centre Nepal

केन्द्रीय समिति

## प्रेस सेन्टर नेपालको बीरगन्ज घोषणा पत्र

**२०८० माघ १५ गते**

१. प्रेस सेन्टर नेपालको २० औं स्थापना दिवसको अवसरमा बसेको यो बैठक महान् सहिद रामवृक्ष यादव, जनपक्षीय पत्रकार कृष्ण सेन इच्छुकसहित सम्पूर्ण सहिदप्रति श्रद्धान्जली अर्पण गर्दछ ।

२. यो बैठक मिलन नेपालीसहित बेपत्ता जनपक्षीय पत्रकारहरुको योगदानको उच्च सम्मान गर्दै सबै वेपत्ताहरुको अवस्था सार्वजनिक गर्न माग गर्दछ ।

३. संगठनको स्थापनादेखि २० औं स्थापना दिवससम्म संगठनलाई स्थापित गर्दै अगाडी बढाउन सक्रिय सस्थापक लगायत सबैमा यो बैठक हार्दिक आभारसहित सम्मान ब्यक्त गर्दछ ।

४. नेपाली पत्रकारितामा विचार र एजेण्डाको नेतृत्व गर्दै आएको यो संगठन आगामी दिनमा पत्रकारिता क्षेत्रको समग्र नेतृत्व गर्दै अगाडी बढ्ने प्रण गर्दछ ।

५. पत्रकारिता क्षेत्रमा पछिल्लो समयमा देखिएको आर्थिक संकट र श्रम समस्या समाधानको लागि आवश्यक पहल र कदम अगाडी बढाउन यो बैठक नेपाल पत्रकार महासंघसहित सरकारको ध्यानाकर्षण गराउँदछ ।

६. श्रमजीवि पत्रकारहरुलाई ठूला भनिएका मिडियाले नै पछिल्लो समयमा पारिश्रमिक नदिने, कामबाट हटाउने र अपमान गर्ने कार्य गर्दै आएको देखिएकोले यस्ता कार्य बन्द गरी श्रमजीविहरुको अधिकारको रक्षा गर्न सबै मिडिया हाउस र नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

७. मिडिया क्षेत्रको विकासको लागि समानुपातिक विज्ञापन नीति लागु गर्न, स्थानीय र प्रदेश तहका सूचना र विज्ञापन सोही तहका मिडियाले प्राप्त गर्ने नीति निर्माण गर्न माग गर्दै यो बैठक लोककल्याणकारी विज्ञापन सबै सञ्चारमाध्यमले पाउने गरि हाल पाउँदै आएको लोककल्याणकारी विज्ञापन रकममा दोब्बर बृद्धि गर्न माग गर्दछ ।

८. आमसञ्चार, मिडिया काउन्सिल लगायत सञ्चार कानुन संघीयताको मर्म अनुसार हुनेगरि तत्काल निर्माण गर्न यो बैठक माग गर्दछ ।

९. यो बैठक पत्रकारहरुको न्यूनतम पारिश्रमिक पाँच वर्ष देखि समायोजन नभएकाले न्यूनतम पारिश्रमिक निर्धारण समितिले सिफारिस गरेको नयाँ परिश्रमिक तत्काल राजपत्रमा प्रकाशित गरी कार्यान्वयन गर्न सरकारसँग माग गर्दछ ।

१०. यो बैठक प्रेस सेन्टर नेपालमा आवद्ध पत्रकारको क्षमता अभिवृद्दि, उचित अवसरमा योग्य र समानुपातिक ढंगले अवसर प्रदान र ब्यवस्थापन गर्नुका साथै तालिम गोष्ठि लगायतका कार्य अघि बढाउन केन्द्रीय समिति र अन्य कमिटिलाई निर्देश गर्दछ । साथैं, सेन्टर आवद्द मिडियाको संरक्षणका लागि विशेष पहल र अभियान संगठनकै तहमा चलाउन जोड दिन्छ ।

११. नेपाली मिडियाको विकासमा सहयोगी हुने अपेक्षासहित स्थापित भएको विज्ञापन बोर्डलाई उद्धेश्यअनुरुप सक्रिय बनाउन माग गर्दै यो बैठक विज्ञापन ऐनमा आवश्यक परिमार्जन गरी सञ्चारमाध्यमले प्राप्त गर्ने रकमको औचित्यहिन कटौती बन्द गर्न माग गर्दछ ।

१२. नेपाल पत्रकार महासंघले सुरु गरेको सदस्यता सुद्धिकरण अभियानलाई सुद्धिकरणको मापदण्ड र महासंघको विधान अनुसार नै तत्काल टुंगोमा पुरयाउन यो बैठक महासंघको ध्यानाकर्षण गराउँदछ ।

१३. नेपाल पत्रकार महासंघको आगामी महाधिवेशनबाट प्रेस सेन्टरको नेतृत्वमा श्रमजीवि पत्रकारको मुद्दा उठाउन सक्ने टिम निर्माण गर्न अन्य संघ/संगठन र आम पत्रकारबीच सहकार्य गर्दै अगाडी बढ्ने संकल्प यो बैठक गर्दछ ।

१४. औद्योगिक क्षेत्र वीरगञ्जमा अवस्थित कृषि औजार कारखाना, चिनी मिल लगायतका बन्द उद्योग कारखाना यथासिघ्र सञ्चालनका लागि सरकार र सम्वन्धित पक्षलाई विशेष पहलकदमी लिन यो बैठक विशेष आग्रह गर्दछ ।

१५. देशको राजस्व संकलनमा राम्रो हिस्सा ओगटेको ब्यापारिक नाका रहेको औद्योगिक क्षेत्र वीरगञ्जको समग्र विकासमा बजेटको न्यायोचित वितरण गर्न यो बैठक सरकारको ध्यानाकर्षण गर्दछ ।

१६. वीरगञ्ज लगायत पर्सा जिल्ला र **मधेश प्रदेशमा** रहेको मठ मन्दिर लगायत धार्मिक एवम साँस्कृतिक सम्पदालाई आन्तरिक पर्यटनको रुपमा विकास र संरक्षण गर्न सरकारसँग विशेष ध्यानाकर्षण गर्दछ ।

१७. औद्योगिक नगर वीरगञ्जलाई आर्थिक नगरीको रुपमा थप विकास गर्न यो बैठक नेपाल सरकार, मधेस सरकार लगायतसँग माग गर्दछ ।

१८. आर्थिक मन्दीका कारण संकटमा परेका उद्योगी ब्यवसायी र श्रमजीवि मजदुरका लागि विशेष राहात ब्यवस्था गर्न यो बैठक माग गर्दछ ।

१९. विद्यमान नयाँ परिस्थितीमा क्रान्तिकारी समाजवादी आर्दशको विकास, प्रचार एवंम ब्यवाहारिक कार्यान्वयनका लागि थप योगदान गर्न र ध्रुविकरणमा जुट्न यस बैठकले समग्र जनपक्षीय पत्रकारहरुलाई आग्रह गर्दछ ।

२०. सरकारी, सामुदायिक , नीजिक्षेत्रबाट सञ्चालित सञ्चार माध्यमलाई महिला मैत्री बनाउँदै आदिवासी, जनजाति, दलित पिछडिएको क्षेत्रलाई समेत समावेश हुने गरी नियुक्ति तथा अवसर प्रदान गर्न माग गर्दछ । सरकारले गरेका राम्रा कार्यहरुमाथि भ्रम फिजाउनेहरुको भण्डाफोर गर्न संगठनआवद्ध सबैमा निर्देशन गर्दछ ।

२१. यो बैठक सम्पन्न गर्न महत्वपूर्ण योगदान गर्ने संगठनको मधेस प्रदेश समिति, पर्सा जिल्ला समिति लगायत सम्वद्ध सहयोगी सबैप्रति हार्दिक आभार र धन्यबाद ज्ञापन गर्दछ ।

**घोषणापत्र मस्यौदा समितिः**

संयोजक : विवेक गौतम, केन्द्रीय उपाध्यक्ष

सदस्य : रामकृष्ण अधिकारी, उपमहासचिव

सदस्य : हरिश बि.क, सचिव

सदस्य : नन्दलाल तिवारी, सचिव र

सदस्य : अप्सरा समाल, केन्द्रीय सदस्य